# दुप्चेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# समुन्द्रटार, नुवाकोट

## आ.व २०७८/०७९ को
## नीति तथा कार्यक्रम

दुप्चेश्वर गाउँपालिका कार्यपालिकाको कार्यालय

**समुन्द्रटार, नुवाकोट**

**बागमती प्रदेश, नेपाल**

आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम

**सुन्दर र समृद्ध दुप्चेश्वरको सार ।**

**कृषि, पर्यटन सम्पदा र जलाधार ॥**

दुप्चेश्वर गाउँपालिकाका उपाध्यक्ष ज्यू ,
साते वडाका वडाध्यक्ष ज्यू,
कार्यपालिका सदस्य ज्यू
सभाका सम्पूर्ण सदस्य ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
लेखा अधिकृत ज्यू,
कर्मचारी तथा वडा सचिव मित्रहरु ।

- देश अहिले कोभिड-१९ (कोरोना भाइरस) को पहिलो र दोस्रो लहरले निम्त्याएको क्षतिको चपेटामा छ । विश्वव्यापी कोरोनाको महामारीबाट नेपालमा समेत आर्थिक, सामाजिक, पर्यटन, कृषि, मानविय र विकास निर्माण लगायतका विभिन्न क्षेत्रमा प्रत्यक्ष प्रभाव परेको छ । नागरिकको रोजगारी गुमेको छ । कति परिवारले आफ्ना सदस्य गुमाएका छन् । आज पनि कतिपय नागरिकको स्वास्थ्य उपचार गरिरहनु परेको अवस्था छ । अझै कोरोनाको जोखिम कम भएको छैन । तेस्रो लहरको समेत जोखिमको अनुमान गरिएको र त्यसको पुर्व तयारी गरी संभावित जोखिम कम गर्नुपर्ने दायित्व हामीमाझ रहेको छ । जनस्वास्थ्यमा विश्वव्यापी रुपमा देखिएको वर्तमान समस्याको समाधान नागरिकको खोपसम्मको पँहुच नै उत्तम विकल्प हुन सक्दछ भन्नेमा सबैको एकमत नै छ र त्यसका लागि प्रयासहरु पनि भईरहेका छन् । यस गाँउपालिकाका पनि सबै नागरिकहरुको खोपसम्म पँहुचका लागि गाँउपालिकाले प्रदेश र संघिय सरकारसँग आवश्यक पहल र समन्वय गरिरहेको छ र गर्नेछ । कोरोना भाइरसको महामारीमा परी मृत्युवरण गर्नुहुने देशभरिका दाजुभाइ दिदीबहिनीहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । संक्रमित हुनुभएका सबै नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । विश्वव्यापी महामारीले निम्त्याएको वर्तमान असहज परिस्थितिसँग जुध्दै र गाँउपालिकावासीको सुरक्षा तथा रोगसँग लड्ने प्रतिरोधी क्षमता अभिबृद्धि गर्ने विविध क्रियाकलापहरुमा समाहित हुँदै **सुन्दर र समृद्ध दुप्चेश्वरको सार : कृषि, पर्यटन सम्पदा र जलाधार** भन्ने नारालाई साकार पार्न एवं नेपाल सरकारको सन् २०३० भित्र दिगो विकासका लक्ष्यहरु हासिल गरी विकासोन्मुख मुलुक बन्ने सोचमा सहयात्री बन्दै सोही अन्तर्गत दुप्चेश्वरवासीका चाहना, आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्न कटिबद्ध छौं ।
- नेपाली जनताको लोकतान्त्रिक गणतन्त्र, समानता, समावेशिता, सामाजिक न्याय र विकासको चाहना अनुरुप पटक पटक भएका विभिन्न आन्दोलनका कारण लोकतान्त्रिक मूल्य एवं मान्यतालाई आत्मसाथ गर्दै राज्य प्रणालीको क्रमशः रुपान्तरण हुँदै आएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि विशिष्ट योगदान पुर्‍याने विभिन्न क्षेत्र, वर्ग र विशेषतः यस क्रममा ज्यानको आहुति दिने वीर शहीदहरुप्रति श्रद्धासुमन अर्पण गर्दछु ।
- यो निर्वाचित जनप्रतिनिधिहरुका लागि संघीय शासन प्रणाली पहिलो अभ्यास हो । यस क्रममा हामी जनप्रतिनिधिहरु निर्वाचित भएर पदबहाली गरेकै दिनदेखि दुप्चेश्वरवासीको सर्वाङ्गिण विकासका लागि लक्षित भई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, नियमावली तथा अन्य प्रचलित कानूनले तोकेको परिधिभित्र रही गाउँपालिकालाई संविधानतः प्राप्त अधिकारको समुचित प्रयोग गरी स्थानीय तहको योजना निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता प्रक्रियामा स्थानीय सरोकारवालाहरुको

अधिकतम सहभागिता सुनिश्चित गर्ने, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार एवम व्यवस्थापकीय सुशासन कायम राखी शीघ्रातिशीघ्र दुप्चेश्वरवासी सम्पूर्ण नागरिकहरुलाई सेवा प्रवाह गर्नका लागि प्रयास गरिरहेका छौ ।

- विकास र सुशासन अभिबृद्धि गर्दै प्रभावकारी सेवा प्रवाहको आधार केन्द्रको रुपमा स्थापना गर्दै जनतालाई पुर्‍याउनु पर्ने कृषि, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई लगायतका सार्वजनिक सेवा सुविधाको प्रत्याभूति दिन हाम्रो महत्वपूर्ण भुमिका रहन्छ । यसका लागि सरकारी, निजी, गैरसरकारी, सामुदायिक क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने नीति लिइनेछ । शान्ति, सुरक्षा, रोजगारी अभिबृद्धि, सामाजिक सुरक्षा, सामाजिक विकास र मानव संसाधनको क्षमता विकासमा प्राथमिकता दिदै स्थानीय सरकारको संयन्त्रबाट प्रवाह हुने सेवालाई समावेशी, व्यवसायिक, प्रतिस्पर्धी, सेवामुखी र स्वावलम्वी बनाउन स्थानीय सरकारको सुशासनको संस्थागत विकासमा हामी प्रतिबद्ध छौं ।
- नेपालले अन्तरराष्ट्रिय मंचमा जनाएका प्रतिवद्धताहरु, नेपाल पक्ष राष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धीहरु, दिगो विकासका लक्ष्यहरु (SDGs) र सोको कार्यान्वयनको लागि बनेका राष्ट्रिय कार्ययोजनाहरु र स्थानीय सरकारको जिम्मेवारी सम्बन्धमा गाँउपालिका स्तरीय कार्यक्रमहरु संचालन गरिनेछन् । अन्तरराष्ट्रिय प्रतिवद्धताहरु र संघिय तथा प्रदेश सरकारका नीति तथा कानुनहरुको समेत स्थानीयकरण गर्दै कार्यान्वयन गरिनेछ ।
- दुप्चेश्वर गाँउपालिकामा शुशासन अभिवृद्धि, जवाफदेहीताको प्रवर्द्धन एवं लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मैत्री गाँउपालिकाका रुपमा विकास गर्नका लागि विकास साझेदार, नागरिक समाज संस्थाहरु तथा समुदायको समन्वय तथा सहकार्यमा सार्वजनिक जवाफदेहिताको विधीहरुको अवलम्वन, लैससास परिक्षण र संस्थागत स्वमुल्याङ्कन सम्वन्धी आवश्यक कार्यविधि निर्माण तथा भएका कार्यविधीमा आवश्यक परिमार्जन गरी कार्यविधीमा उल्लेख भएअनुसारको कार्यान्वयन गरिने छ ।
- गाउँपालिकाका नीति, कार्यक्रम, सेवा तथा अभ्यासहरुलाई लैससासमैत्री बनाई आवश्यक कार्य गरिनेछ । गत वर्ष तयार भएको लैससास नीति कार्यान्वयनका लागि आवश्यक स्रोतसहित पहल गरिनेछ । कोहि पनि पछाडि नपरुन (Leave No One Behind) भन्ने अवधारणा अनुसार खण्डीकृत तथ्यांक संकलन तथा नियमित अध्यावधिक गरी विकास प्रक्रिया र प्रतिफलमा सबैको पहुँच सुनिश्चित गर्नका लागि जोखिममा परेका वर्ग तथा समुहहरुको आर्थिक तथा सामाजिक अवस्था सुधार गर्नका लागि विकास साझेदार, स्थानीय संघ संस्था तथा निजी संस्थासंग आवश्यक समन्वय तथा सहकार्य गरी विशेष पहल गरिने छ ।
- प्राकृतिक सुन्दरता, बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषतायुक्त यस गाउँपालिकामा सामाजिक सद्भाव र सांस्कृतिक सहअस्तित्वमा आधारित एकताबद्ध, सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने नीति अनुरुप समाजमा विद्यमान सबै प्रकारका भेदभाव तथा असमानतालाई हटाउन दुप्चेश्वर गाउँपालिका सदैव अग्रसर रहनेछ । दुप्चेश्वर गाँउपालिकालाई समानतामा आधारित सभ्य र सुसँस्कृत बनाउन पहल गरिनेछ ।
- संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व हस्तान्तरण तथा विभिन्न अनुदान रकमको बाँडफाँड, मानव विकास सुचकाङ्क, जनघनत्व, आर्थिक तथा सामाजिक विकासका विविध परिसूचक, कार्यात्मक ईकाई तथा बजेट कार्यान्वयनको अवस्थाको मार्गचित्रबाट हुनुपर्ने, संघीय सरकार र प्रदेश सरकारको विभिन्न परियोजनाको जिम्मेवारी समेत स्थानीय सरकारको भएको हुँदा संघीय र प्रदेश सरकारले त्यसमा सहयोगी भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिइएको छ । स्थानीय सरकारको तर्फबाट त्यसका लागि गर्नुपर्ने संविधान तथा कानुनले दिएको जिम्मेवारी यस गाँउपालिकाले पुरा गर्ने छ ।
- गाउँपालिकामा उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी तोकिएको निर्धारित परिणाममा लक्ष्य हासिल गर्न नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्देश गरेका प्रक्रिया, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्वस्थापन ऐन, २०७४, संघीय तथा

प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४, संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना, चालु तथा विगतका वर्षहरुमा गाउँ कार्यपालिकाद्धारा विनियोजित योजना र कार्यक्रम तथा कार्यान्वयनको वर्तमान अवस्था, गाउँपालिकालाई प्राप्त समपुरक अनुदान र त्यसबाट सिर्जित आर्थिक दायित्व एवम् वडा समितिबाट बजेट तर्जुमा समिति हुँदै सहभागितामुलक योजना तर्जुमा प्रक्रियाद्धारा प्राथमिकीकरण सहित प्राथमिकता प्राप्त आयोजना आदिलाई मानकका रुपमा स्थापित गरी वृहत सहभागीतामूलक सिद्धान्त अवलम्बन गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु,**

**अब म क्षेत्रगत रुपमा तयार पारिएको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

## आर्थिक विकास क्षेत्र

**कृषि तथा पशुपालनः**

- कोरोना महामारीले निम्त्याएको विषम परिस्थतीलाई मध्यनजर गर्दै कृषिलाई रोजगारमुलक र सम्वृद्ध दुप्चेश्वर गाँउपालिका स्थापित गर्न किसानका आवश्यकतामा आधारित भई निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिकरण
    - गर्नका लागी उन्नत विउविजन, मल खाद, कृषि उत्पादन बढाउने र बजारीकरणको व्यवस्था गर्ने नीति लिइनेछ ।
- स्थान विशेष अनुसार घ्याङफेदीको लामपाटे, बालकुमारीकको मानेभन्ज्याङ, बेतीनिको कुदप क्याबालाई कागती पकेट क्षेत्रका रुपमा विकास गरिने नीति लिईएकोछ । त्यस्तै घ्याङफेदीकोः तालुकेसरी, चेताङ, घ्यावार, गाउँखर्ककोः कडेनी र बेतेनीकोः घ्याङ क्षेत्रलाई आलु पाकेट क्षेत्रको रुपमा विकास गरिने नीति लिईएकोछ ।
- गाउँपालिकाबासीको आम्दानी स्तर उच्च र जीवनस्तर गुणस्तरीय बनाउनका लागि गाउँपालिका क्षेत्रभित्र रहेको खेतीयोग्य जमिनको तथ्यांकलाई अध्यावधिक गर्दै सामुहिक खेती प्रणालीलाइ प्रवर्द्धन गरी कृषि उत्पादनलाई व्यावसायीकरण गर्ने नीति लिइनेछ ।
- बजारमा उच्च माग भएका नगदे बाली, फलफुल तथा जडीबुटी खेतीमा कृषकको प्राथमिकता र आर्कषण बृद्धि गर्न तालिम, समूह खेती, अध्ययन भ्रमण र अनुसन्धान गर्न थप लगानी गर्ने नीति लिइनेछ । सहकारी, आमा समूह तथा समावेशी कृषक समूहहरु मार्फत कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।
- स्थानीय उत्पादनको बिक्रि वितरणलाई प्रर्वद्धन गर्न निजि सार्वजनिक साझेदारी (Public Private Partnership) नीति तयार गरी कार्यान्वयन गरिनेछ । त्यसका लागि स्थानीय स्तरमै कृषि उपज बजार केन्द्रको स्थापनामा जोड दिइनेछ । वडा नं. ६ समुन्द्रटारमा निर्माण भएको संकलन केन्द्र, वडा नं.१ र ३ मा निर्माण भएको रष्टिक हाउस तथा चन्द्रावती बिउँ बिजन संकलन केन्द्रलाई आवश्यक बजेट विनियोजन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- स्थानीय कृषकलाई स्थानीय तहमै बिउ उत्पादन गर्न कृषकहरुलाई अनुदान प्रदान गर्नुको साथै उन्नत विउ विजन वितरण गरिनेछ । स्थानीय रैथाने समुन्द्रफिनी धानको उत्पादन अभिबृद्धिका लागि विशेष कार्यक्रम लाई निरन्तरता दिइने छ ।

- तरकारी, फलफुल तथा धानको उत्पादन बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार गर्दै जाने नीति लिइने छ साथै संचालित सिंचाई कुलोहरुको मर्मत सम्भारका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई कृषि ब्यवसायको आधुनिकिकरण, यान्त्रिकिकरण र बजारीकरणमा जोड दिईने छ । कृषकहरुलाई मागको आधारमा नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्र र सरोकारवालाहरुसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरु उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

- कोरोना भाइरसका कारण गाउँ फिर्ता हुनुभएका तथा बैदेशिक रोजजारीबाट फर्किएका दाजुभाइ तथा दिदीबहिनीहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी बाँझो जमिनलाई उर्वरायुक्त बनाउन विशेष उपज अनुदान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिईनेछ ।
- कृषि क्षेत्रमा मानवीय शक्तिको न्यून उपस्थिति हुने क्रम बढ्दै गएकोले समय र श्रम दुबैको सही सदुपयोग गरी आधुनिक र उन्नत प्रविधिको माध्यमबाट खेती गर्नका लागि आवश्यक कृषि सामग्री तथा औजारमा अनुदान मार्फत वितरण गर्ने नीति विकास गरिनेछ ।
- गरिब, दलित, महिला, अपांगता भएका व्यक्ति तथा परिवारका सदस्यहरुलाई समूहमा आवद्धता गराई खुर्पानी, दाँते ओखर र कागती खेती प्रवर्द्धन र मौसम सुहाउँदो खाद्यान्न, तरकारीका बिउ वितरण र प्लाष्टिक टनेल निर्माण तथा टनेल खेतीमा अनुदानको नीति अनुसार चालु आ.ब.मा पनि निरन्तरता दिईनेछ ।
- पशुपंक्षीमा महामारीको रुपमा देखिने विभिन्न रोगहरु (खोरेत, भ्यागुते, चरचरे, रानीखेत, गम्वरो, पि.पि.आर) वाट कृषकहरुको पशुधन क्षति हुन नदिन रोग नियन्त्रणको लागी खोप खरिद तथा भ्याक्सीनेसनको कार्यक्रम सञ्चालन गरिनेछ ।
- पाखाबारी, कान्ला र त्यसै खेर गइरहेको जमिनमा पोषणयुक्त घाँस खेती गरी पशुपालनमा जोड दिइनेछ । घाँसखेती तथा घाँसको बिउ उत्पादनलाई व्यावसायिक र आयआर्जनको माध्यमका रुपमा समेत विकास गरिनेछ ।
- पशुविकासको लागि नश्लसुधारमा जोड दिइनेछ । यस दुप्चेश्वर गाउँपालिकालाई बाखाको पकेट क्षेत्र बनाई बाखामा कृत्रिम गर्भाधान सेवा सुचारु गरिनेछ ।
- दूध, मासु, माछा र अण्डामा आत्मनिर्भर बनाउनको लागि व्यवसायिक फार्म अनुदान कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । माछापालन व्यवसायलाई प्रर्वद्धन गर्न माछापालन कृषकहरुको पहिचान गरि विशेष अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशु सेवा अन्तर्गतको प्राविधिक समस्या समाधान गर्न यस दुप्चेश्वर गा.पा. को सात वटै वडामा एकिकृत पशुस्वास्थ्य घुम्ती शिविर कार्यक्रम सञ्चालन गरिने छ । पशुसेवा क्षेत्र विस्तार गरी कृषकलाई प्रत्यक्ष र शीघ्र सेवा उपलब्ध गराउन एक वडा एक प्राविधिकको लागि क्रमिक रुपमा व्यवस्था मिलाउन पहल गरिनेछ ।
- गरिब, दलित, अपांगता निम्न आय भएका महिला, एकल महिलाहरुलाई समावेशी समूहमा आबद्ध गरी बाख्रा पैंचो कार्यक्रम सञ्चालनको नीति बनाई कार्यान्वयन गरिनेछ ।
- पशुपालन व्यवसायलाई मर्यादित र आत्मसम्मानित पेशाको रुपमा रुपान्तरण गर्न, पशुपालन व्यवसाय प्रति उत्साहित गर्न उत्कृष्ट पशु/कृषि फार्महरुलाई सम्मानित कार्यक्रम सञ्चालन गरिने छ ।

***उद्योग तथा वाणिज्य***

- गाँउपालिका स्तरमै उद्योग व्यवसाय मार्फत रोजगारीका अवसरहरु सिर्जना गरि **सुन्दर र समृद्ध दुप्चेश्वरको सार : कृषि, पर्यटन सम्पदा र जलाधार** भन्ने गाँउपालिकाको नारालाई साकार पार्न दुप्चेश्वर गाँउपालिको उद्यम तथा रोजगार सिर्जना सम्बन्धि रणनीतिक योजना तयार गरिनेछ ।

- यस आर्थिक वर्षमा गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अर्न्तगत ८० जना नयाँ उद्यमी सिर्जना गरिने छ । गाँउपालिकामा उद्यम गरिरहेका पुराना उद्यमीहरुको स्तरोन्नतीको लागि आवश्यक बजेट बिनियोजन गरी कार्यक्रम गरिनेछ ।
- औद्योगिक ग्राम निर्माणको लागि आवश्यक नीति निर्माण गरि क्षेत्र पहिचान गरिने छ ।
- कोभिड-१९ को प्रभाव न्युनिकरणका लागि रोजगारी सृजना, जिविकोपार्जनको प्रवर्धन र आर्थिक पुनर्एकिकरण कार्ययोजना तयार गरी वैदेशिक रोजगारीबाट फर्केका, कोभिडको कारणले रोजगारी गुमाएका स्थानिय, गरिव, एकल महिला, जनजाति, शहिद परिवारका सदस्यहरुलाई समूहमा आवद्ध गरि लघु उद्यमका लागि सिप तथा क्षमता विकासका कार्यक्रमहरु एक साथ अगाडि बढाइने छ ।
- व्यवसायिक योजना निर्माण र वित्तिय साक्षरतामा जोड दिई व्यवसाय वृद्धिका लागि वित्तिय पहुँचमा अभिवृद्धि गरिने छ ।
- लघु उद्यमीहरुको व्यवसाय शुरु तथा विकासको लागि स्थानिय वैंक तथा वित्तिय संस्थाहरुसँग समन्वय र सहकार्य गरिने छ । सरकारको सहुलीयतपूर्ण कर्जा तथा व्यावसायीक कृषी कर्जाका लागि दुप्चेश्वर गाऊँपालिका, बैंकहरु (एभरेष्ट बैंक लि. दुप्चेश्वर शाखा र ज्योती विकास बैंक दुप्चेश्वर शााखा) र नुवाकोट उद्योग वाणिज्य संघ बिच त्रिपक्षीय सम्झौता सम्पन्न भई विपन्न तथा जोखिममा परेका परिवारहरुलाई  सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनका लागि समन्वय र सहजिकरण गर्दै आईरहेकोमा चालु आ.ब.मा पनि निरन्तरता दिईनेछ ।
- निजी क्षेत्र तथा महिला, बालबालिका शाखाको समन्वयमा महिला उद्यमशिलता सहजिकरण ईकाई र निजि क्षेत्रसँगको सहकार्यमा व्यवसाय सहायता कक्ष स्थापना गरि उद्यम विकास मार्फत गाउँपालिकाको विकासलाई जोड दिने नीति लिइनेछ ।

***संस्कृति तथा पर्यटन प्रवर्द्धन***

- “पर्यटन पूर्वाधार, समृद्ध दुप्चेश्वरको आधार” भन्ने नाराका साथ पर्यटन पूर्वाधार विकासमा केन्द्रीत कार्यक्रम संचालन गरी यस क्षेत्रको पर्यटन विकास गर्ने नीति लिइनेछ ।
- संघ तथा वागमती प्रदेश सरकारबाट संचालित हुने पर्यटन प्रवर्द्धन कार्यक्रमहरुसँग यस क्षेत्रको कार्यक्रम समेतलाई एकीकृत गरि संचालन गरिनेछ ।
- सडक मार्ग, दुप्चेश्वर महादेव तथा गोसाइकुण्ड जोड्ने गरी केवलकार निर्माणका लागि नीजि क्षेत्रसँग सहकार्य गर्ने, होमस्टे क्षेत्र विकास, आधारभूत पूर्वाधार निर्माण, पर्यटन सूचना केन्द्र, गाउँपालिकामा पर्यटक हेल्प डेस्क जस्ता पर्यटन पूर्वाधारका कार्यक्रमहरु विकास गरि संचालनमा ल्याइनेछ ।
- गाउँपालिका भरीका पर्यटकीय स्थलहरुको सम्भाव्यता अध्ययन र छनोटमा आधारित पूर्वाधार निर्माण कार्यलाई यस वर्ष पनि निरन्तरता दिईनेछ ।
- पशुपतिनाथका रुपमा प्रख्यात श्री दुप्चेश्वर महादेवको मन्दिरमा प्रत्येक वर्ष धान्यपूर्णिमाका अवसरमा महिना भर लाग्ने मेलालाई थप व्यवस्थित गर्न उक्त क्षेत्रको समितिको क्षमता विकास गरिनेछ। दुप्चेश्वर मन्दिरको गुरुयोजना बमोजिम प्रतिवर्ष स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- दुप्चेश्वर सांस्कृतिक महोत्सव, लाङटाङ रा.नि.रेडपाण्डा अवलोकन, कुटुङसाङ, मिश्रभन्ज्याङ, राहुचुली,रामती, करेजुङ, रान्चेडाँडा, घ्यावर, दोङ्जे, घ्याङ डाँडा, गोल्फुभन्ज्याङ्ग, कुदब क्याबा भन्ज्याङ्ग, डम्फु पार्क, माङच्यो ज्योहो पार्क तथा पोण्ड, नाटाङ डाँडा, माने भन्ज्याङ्ग र समुन्द्रटार माथिल्लो टोल हुँदै ओडारे कडेनीलाई पर्यटकीय हबको रुपमा विकास गरिनेछ । उप्रादेखि कुतुङखोलासम्म क्षेत्रको तादी खोलामा फिसिङ जोन घोषणा र अन्य क्षेत्र अवलोकन जस्ता बहुआयमिक पर्यटकीय गतिविधि संचालनका लागि आवश्यक नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।
- संघ, प्रदेश सरकार र विकास साझेदार संस्थासंग समन्वय गरी विभिन्न जातजातीको मौलिक पहिचान संरक्षण तथा सम्बर्द्धनका लागि एकीकृत पर्यटन संग्रहालय र तामाङ संग्रहालय निर्माणका लागि पहल गरिनेछ ।

### *सहकारी, बैंक तथा वित्तीय सेवा*

- गाउँपालिका क्षेत्रको आर्थिक र सामाजिक रुपान्तरणका लागि गुणात्मक एवम दिगो सहकारिता अभिबृद्धि गर्न गाउँपालिका क्षेत्रका सहकारी र वित्तीय क्षेत्रलाई परिचालन गर्ने नीति लिइनेछ । सहकारीको माध्यमबाट गरिब, विपन्न वर्गका सदस्यको संलग्नतामा सञ्चालन हुने उत्पादन र लगानीमा आम नागरिकको पहुँच स्थापित गर्न सहकारी संस्था र गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन गरिने नीतिलाई निरन्तरता दिईनेछ ।
- सहकारी क्षेत्रको क्षमता अभिबृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास र व्यवस्थापन तालिम समन्यात्मक रुपमा सञ्चालन गर्दै जाने नीतिलाई निरन्तरता दिईनेछ ।
- सहकारी संस्थाहरुको दर्ता तथा नविकरणका लागि आवश्यक कानून बनाई लागू गरिनेछ । साथै सहकारी संस्थाहरुको दर्ताको लागि सहकारी शिक्षा अनिवार्य गरिले छ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका सबै विषयगत सहकारी संघ संस्थाहरुसँग समन्वय गरी लक्षित वर्गका लागि सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिमहरु संचालन गरी गरिवी र बेरोजगारी हटाउने कार्यको निरन्तरता दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र संचालित बित्तीय संस्थाहरुलाई विपन्न र पिछडिएको समुदायमा परिचालन गर्न प्रोत्साहन गरिनेछ साथै बैंकिङ लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पहल गरिने छ ।
- गाउँपालिकाभित्र रहेका वित्तिय संस्थाहरुको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाइनेछ ।
- बैंक तथा वित्तीय संस्था, सहकारी र लाभग्राही बिचको अन्तरक्रिया कार्यक्रमको समन्वय गरिनेछ ।

### **श्रम तथा रोजगारी**

- स्थानिय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभुती गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकाससंगै सामाजिक संरक्षणको प्रत्याभुति गराइने छ ।
- श्रम समबन्धलाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तिय क्षेत्रबाट रोजगारी सिर्जना गरिनेछ । यसलाइ कार्यान्वयन गर्न गाँउपालिकाबाट पनि बजेट थप गरिनेछ ।
- रोजगार सेवा केन्द्र संचालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट बिनियोजन गरी थप प्रभावकारी बनाइनेछ ।
- कामको सम्मान, रोजगार तथा उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।

## **सामाजिक विकास**

### **शिक्षा, युवा तथा खेलकुद**

- कोरोना लगायत विश्वव्यापी अन्य महामारी, प्राकृतिक प्रकोप प्रति सजग रही गुणस्तरीय शिक्षा प्रदान गर्नु गाउँपालिकाको लक्ष्यलाई यस आ.ब.मा पनि निरन्तरता दिईनेछ ।
- कक्षा १ देखी ३ सम्म तामाङ भाषाको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गरी अध्यापन शुचारु गरिएको कार्यलाई यस आ.ब.मा पनि निरन्तरता दिईनेछ ।
- संघ र प्रदेश सरकार संग समन्वय गरी स्थापना भएको कौकेश्वरी प्राविधिक विद्यालयमा यसै आ.ब. देखि प्राविधिक विषयममा पठन पाठान शुचारुकको लागि पहल गरिनेछ ।

- कोभिड १९ का कारण बन्द रहेको पठनपाठन कार्यलाई अगाडि बढाउनका लागि नियमित पठनपाठन नभए सम्म आफ्नो परिवेश अनुकुल दुर तथा खुला शिक्षा लगायत बैकल्पिक प्रविधिको प्रयोग गरी शिक्षण सिकाइमा सहजिकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- शून्य दरबन्दी भएका आधारभूत र माध्यमिक विद्यालयलाई विद्यार्थी संख्याको आधारमा स्वयमसेवक शिक्षक व्यवस्थापन गर्दै आईरहेकामा यस वर्ष पनि निरन्तरता दिईनेछ ।
- शिक्षा क्षेत्रको समग्र गुणस्तरको सुधार गर्दै प्राविधिक शिक्षालाई विशेष जोड दिइनेछ ।
- विद्यालयमा अध्ययन गर्ने अपाङ्गता भएका बालबालिका र टुहुरा बालबालिकाहरुलाई कार्यविधि निर्माण गरी वर्षमा दुई पटक शैक्षिक सामग्री तथा एक पटक विद्यालय पोशाक प्रदान गर्ने कार्यक्रम यस वर्ष पनि निरन्तरता दिईनेछ ।
- छात्राहरुमा महिनावारीका कारण विद्यालय छाड्ने दर उच्च रहेकोले उक्त उमेर समूहका सबै छात्राहरुलाई विद्यालयमा स्यानिटरी प्याड वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ । विद्यालयमा लैंगिक फोकल शिक्षक तोकीने छ ।
- एकल महिला, अपाङ्गता, आदिवासी, जनजाति, दलित, शहीद तथा वेपत्ता पारिएका परिवारका सदस्य, वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारको परिवार, भूकम्प वा प्रकोपका कारण विस्थापित तथा प्रभावित र अति विपन्न वर्गका अन्य समूदायको परिवारका सदस्यहरुलाई उच्च शिक्षा अध्ययनको लागि शैक्षिक छात्रवृत्ति व्यवस्थापन कार्यविधि बमोजिम छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- गाउँपालिका क्षेत्रका युवाहरु लक्षित गरी युवा क्लव स्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गरिनेछ । उत्कृष्ट खेलाडीहरुलाई सम्मान र प्रोत्साहन गर्ने नीति लिइनेछ । दुप्चेश्वर कप भलिबल प्रतियोगितालाई निरन्तरता दिइनेछ । साथै चालु आ.ब.देखि वडा स्तरिय महिला भलिबल प्रतियोगिता पनि संचालन गरिनेछ ।
- भललिबल खेलाडीहरुको क्षमता अभिबृद्धिको लागि प्रशिक्षकको व्यवस्था गरि खेलाडीहरुलाई प्रशिक्षण दिनका लागि बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका युवाहरुको सिर्जनशिलता विकासको लागि युवा क्लवहरुलाई क्रियाशील गराउने नीति लिइनेछ ।
- खेलकुद गतिविधि, क्षमता विकास, विस्तार तथा गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।
- गाउँपालिका स्तरीय मेलेचे खेलकुद मैदान निमार्णलाई निरन्तरता दिंदै, सबै वडामा क्रमिक रुपमा खेल मैदान विकास गर्ने गाउँपालिकाको लक्ष्यलाई आवश्यक बजेट विनियोजन गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास देखी कक्षा ५ सम्म अध्ययनरत बालवालिकाहरुलाई स्थानीय स्तरमा उपलब्ध पोषणयक्त र स्वस्थकर दिवा साजा कार्यक्रम (Home Grown School Fedding Aproach) ढाँचा अपनाइने छ ।
- दिवा खाजा कार्यक्रमको साप्ताहिक मेनु निधार्ण गरी विद्यालयहरुलाई उपलब्ध गराइने र सो वमोजिम कार्यन्वयन गराइने छ ।

**जनस्वास्थ्य**

- विश्वभर महामारीको रुपमा फैलिरहेको कोभिड १९ रोग संक्रमणको नियन्त्रण तथा रोकथामको लागी पि.सि.आर. र एन्टिजीन दुवै माध्यम बाट परिक्षणको दायरा बढाई रोगको पहिचान, सामाजिक तथा मानसिक परामर्श, होम आईसोलेसनमा भएको विरामीको फोन मार्फत फलोअप र आवश्यकता अनुसार घर मै गएर अनुगमन गर्ने व्यवस्था मिलाउनुको साथै उपचार सेवा लाई गुणस्तरीय वनाई निशुल्क

रुपमा संचालन गरिनेछ। साथै गाँउपालिकाका सबै नागरिकहरुको खोपसम्म पँहुचका लागि गाँउपालिकाले प्रदेश र संघिय सरकारसँग आवश्यक पहल र समन्वय गरि कोभिडभ्याक्सिनको व्यवस्था गरिनेछ।

- कोभिड १९ संक्रमित विरामीको उपचार लागि दुप्चेश्वर गाउँपलिका वडा नं. ६ स्थित समुन्द्रटार स्वास्थ्य चौकि र वडा नं. ३ स्थित कौकेश्वरी मा.वि.मा रहेको संस्थागत आईसोलेनको आवश्यकता अनुसार स्तरोन्नती तथा वेड क्षमता वढाई आवश्यक स्वास्थ्य सामाग्री, औषधी, उपकरण तथा अक्सिजनको पर्याप्त मात्रामा उपलब्धताको सुनिश्चितता गरिनेछ।

- नेपाली समाजमा रहेको अन्धविश्वास, अज्ञानता, अशिक्षा र सामाजिक कुरितीले नागरीकको स्वास्थ्यमा पर्न गएको गम्भिर असर लाई मध्यनजर गर्दै समाजमा रहेका धामी भाँक्री, लामा, लाई उचित परामर्श सहित आधुनीक स्वास्थ्य उपचारको प्रावधान, व्यवस्था तथा कानुनी अधिकारको विषयमा अभिमुखिकरण गरिनेछ। साथै स्वास्थ्य संस्थामा विरामी प्रेषण गरे बापत धामी झाँक्रि लाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ।

- गर्भवती महिलाको गर्भ जाँच गर्ने क्रममा प्रयोगशालामा रगत र पिसाव परिक्षण गर्ने ANC Package गरेको सेवा शुल्क बापत हाल नगद रु.५००। लिदै आएकोमा २०७८ श्रावण १ गते बाट लागु हुने गरी उक्त सेवा निशुल्क गरिने नीति लिईनेछ।

- प्रसुति गृहहरु मा सुत्केरी कुरुवा घर संचालन कार्यक्रम र प्रसुती सम्बन्धी जटिलताको कारण प्रेषण गर्नु पर्ने सुत्केरी महिला लाई प्रदान गरिने निशुल्क एम्बुलेन्स सेवा कार्यक्रम लाई निरन्तरता दिईनेछ।

- गर्भवती महिला को पोषण अबस्था सुधार तथा गर्भमा रहेको बच्चाको उचित बृद्धि बिकासमा मद्दत पुर्याउने हेतुले संचालन गरिएको गर्भवती महिलाको घरमा झण्डा हातमा अण्डा कार्यक्रम र मातृ तथा नव शिशु स्वास्थ्यमा सुधार गर्न सुरुवात गरिएको ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम लाई निरन्तरता दिइनेछ।

- नियमित औषधी सेवन गर्ने दिर्घ रोगी तथा जेष्ठ नागरीकहरुको स्वास्थ्य लाई नियमित परिक्षण, आवश्यक मनोपरामर्श तथा उपचार गर्न जेष्ठ नागरीक स्वास्थ्य प्रर्वद्धन कार्यक्रमको लागि बजेट व्यवस्था गरिनेछ।

- प्रत्येक नागरीकलाई आफ्नो स्वास्थ्य उपचारको सम्वन्धमा जानकारी पाउने सुचनाको हक र समान पहुँचको अधिकार लाई सुनिश्चित गर्न गाउँपालिकामा एउटा हट लाईन सेवाको सुरुवात गरिनेछ जसमा नागरीकले प्रत्येक्ष रुपमा फोन गरेर सेवाको उपलब्धता, पहुँच विषयमा जानकारी लिन, गुनासो व्यक्त गर्न, सल्लाह, सुझाव दिन सक्नेछन र सोहि बमोजिम जनताको स्वास्थ्य सेवा सम्वन्धी गुनासोहरुको सम्वोधन गर्ने व्यवस्था गरिनेछ।

- देशको केन्द्रिय अस्पतालहरु संग समन्वय गरी सवै स्वास्थ्य चौकीहरुमा टेली मेडिसिन सेवाको सुरुवात गरिनेछ। साथै बिरामीहरुको लागि आवश्यक पर्ने रगत व्यवस्थापनको लागि नेपाल रेडक्रस सोसाईटी संगको समन्वयमा कार्यविधि तयार गरी रगत व्यवस्थापनको लागि पहल गरिनेछ।

- गम्भिर किसिमका रोग लागेर उपचार गर्ने क्रममा नागरीकलाई पर्न जाने आर्थिक भार लाई न्युनिकरण गर्न स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी कार्यन्वयन र मुल्यांकन गरी गाउँपालिका भित्रको अधिकतम घर परिवार लाई स्वास्थ्य विमाको दायरा भित्र ल्याईनेछ ।

**उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु,**

**<u>महिला, बालबालिका तथा समाजकल्याण</u>**

- आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोतसाधन अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- टोल विकास संस्थाहरु गठन गरि सामाजिक न्याय, उत्पादन तथा आयआर्जन विकास र वातावरणमैत्री टोल विकास बनाउने कार्यमा सहभागी गराइनेछ । त्यसैगरी टोल विकास संस्था, सहकारी तथा विभिन्न समूह मार्फत लैङ्गिक हिंसा, मानव बेचबिखन बालश्रम, बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सी, छुवाछुत प्रथा, घरेलु हिँसा उन्मुलनका लागि अभियान तथा रोकथाम, उद्दार, सहयोग र पुनर्स्थापना कार्यक्रमहरु संचालन गर्ने नीति लिईनेछ ।
- लैंगिक उत्तरदायी बजेट विनियोजन प्रणालीलाई कार्यान्वयन गरिने छ ।
- विपन्न, महिला, एकल महिला, दलित, अपांगता भएका व्यक्ति, जनजाति तथा आदिवासीहरुको जीवनस्तरमा सुधार ल्याउन आयआर्जन र सीप विकासका कार्यक्रमहरु संचालनलाई निरन्तरता दिईनेछ ।
- बालमैत्री स्थानीय शासन गाउँपालिका घोषणा गर्नकाका कार्यदल गठन गरी आवश्यक कार्यक्रमहरु संचालनका लागि बजेट बिनियोजन गरिनेछ ।
- बालबालिका तथा किशोरकिशोरीहरुलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार प्रयोग गर्न सक्षम नागरिकको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापनका लागि पुनर्स्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीहरुको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र विकास साझेदार संघ संस्थासंग सहकार्य गरिनेछ । अपांगता भएका नागरिकहरुलाई पुर्ण रुपमा सामाजिक सुरक्षा कार्यक्रममा समावेश गरिनेछ ।
- स्वास्थ्य संस्थाको समन्वयमा समुदायस्तरमा स्वच्छ महिनावारी दिवस कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला तथा बालबालिकासँग सम्वन्धित विवादमा न्यायिक समितिमा बन्द इजलासको व्यवस्था गरिनेछ ।
- गाउँ कार्यपालिका र सातै वडामा स्तनपान कक्ष निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।
- लैंगिक समानता सामाजिक समावेशीकरण परीक्षणलाई निरन्तरता दिइनेछ । लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात तयार गरिएको लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना कार्यान्वयनलाई आवश्यक बजेट विनियोजन गरिनेछ ।
- लैंगिक समानता सामाजिक समावेशीकरण तथा सामाजिक विकासका शिर्षकहरु अन्तर्गत छुट्याइएको रकम अन्य शीर्षकमा रकमान्तर गर्न नपाइने नीतिलाई यस आ.ब.मा पनि निरन्तरता दिईनेछ ।
- गाउँपालिका क्षेत्रका महिलाहरुका लागि सरकारी तथा अन्य क्षेत्रमा वृत्तिविकासको मार्गप्रशस्त गर्न लोक सेवा आयोग र शिक्षक सेवा आयोगका तयारी कक्षाहरु सञ्चालन गरिनेछ ।
- आयोजना कार्यान्वयनमा महिलाहरुको सहभागिता बढाउन र निर्णय प्रक्रियामा महिलाको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्दै लैंगिक बिभेदलाई कम गर्दै लैंगिक हिंसाको सवालमा शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।
- जेष्ठ नागरिक कल्याण सम्वन्धी कार्यक्रम संचालन गरिने छ । जेष्ठ नागरिक सम्मानका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।

***खानेपानी तथा सरसफाई***

- खानेपानी तथा सरफाई गुरुयोजना अनुरुप खानेपानीका योजनाहरु संचालन गरिनेछ । साथै विकास साझेदार संस्थासंगको साझेदारीमा थप नयाँ खानेपानी योजनाहरु संचालन गरिनेछ ।

- विकास साझेदार संस्थासँगको समन्वयमा सञ्चालित एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ
- खाने पानी बोर्डको स्थापना गरि गाँउपालिका खाने पानी जनालाई व्यवस्थित र दिगो वनाउने नीति अवलम्बन गरिने ।
- खानेपानीका मुहानको संरक्षणका लागि मुहान आसपासमा उपयुक्त मापदण्ढ बनाइ संरक्षण कार्यलाई सुदृढ गरिनेछ ।
- साझेदार संस्थाहरुसँगको सहकार्यमा प्लाष्टिकजन्य वस्तु वातावरणीय दृष्टिकोणमा हानिकारक हुन भन्ने कुराको चेतना अभिवृद्धि गराउदै यसको विकल्पको खोजी गरी प्रयोग गर्न प्रोत्साहित गरिने छ ।
- फोहोरमैला व्यवस्थापनको लागि घर नक्सा पास गर्दा शौचालय र सेफ्टी ट्यांकको निर्माण अनिवार्य रुपमा गर्नुपर्ने नीति लिईइकोछ ।
- सार्वजनिक स्थलमा सार्वजनिक शौचालयहरु निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

## भौतिक पूर्वाधार विकास

- समुन्द्रटार, बालकुमारी, जिम्नाङ, पुरगाँउ, नयाँ छेपार, पाङगार, ओडारे नेगी, शिखरबेशी बच्छला मा।बि।, सेराङ, सिम्टाङ, ढाडखर्क, बोकेढुङगा हुदै समुन्द्रटार जोड्ने दुप्चेश्वर गाँउपलिकाको २० कि. मि. गुणस्तरीय रिङरोड निर्माणको अवधारणालाई निरन्तरता दिईनेछ ।
- हेलिप्याड निर्माण कार्य गत वर्ष वडा न. ३ मा सम्पन्न भईसकेको र चालु आ.ब.मा बाँकि छ वटै वडामा हेलिप्याड निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार आवश्यक खरिद प्रकृया कार्यान्वयनमा ल्याइनेछ ।
- वर्षाका कारण क्षति पुगेका सडकहरुको स्तरोन्नति गरिनेछ । आवश्यकता अनुसार झोलुङ्गे पुलको निर्माण तथा प्रबलीकरण गर्दै काठका पुलहरु विस्तापित गरिनेछ ।
- ‘‘एक वडा, एक मूल सडकको अवधारणा अनुरुप वस्तीलाई जोड्ने ग्रामीण सञ्जालको स्तरोन्नती गरी जनताको दैनिक जीवनयापनलाई परिवर्तन गर्ने गरी यातायात सेवा, वाणिज्य सेवा र अन्य उपयोगी सेवाहरुको पुनः निर्माण र पुन संरचनाका माध्यमबाट आधुनिकीकरण गर्ने योजनालाई निरन्तरता दिईनेछ ।
- दुप्चेश्वर गाउँपालिको सडक निर्माण कार्यमा थप नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्शाही गर्दै भएका सडक स्तर उन्नतीमा प्राथमिकता दिइने छ ।
- गाउँपालिकाको यातायात गुरुयोजनातयारीको लागि पहल गरिनेछ । साथै स्वीकृत भवन निर्माण मापदण्डको पूर्ण कार्यान्वयन गरी समयानुकूल परिमार्जन गर्दै लगिनेछ ।
- गाउँपालिका अर्न्तगत निर्माण हुने पुर्वाधार विकासका योजनाहरुको गुणस्तर सुनिश्चितता गर्नका निमित्त पालिकामा इन्जिनियरिङ्ग ल्याव तथा लाइब्रेरीको स्थपना गरिनेछ ।
- पुर्वाधार निर्माणका कामको प्रकृति हेरेर रु. ५,००,०००।० सम्मका आयोजनाहरुको हकमा हेवी ईक्वीपमेन्टहरु प्रयोगमा रोकलगाई बेरोजगार श्रमिकलाई काममा खटाउने व्यवस्था गरिने छ ।
- ठेक्का प्रणालीलाई स्वच्छ, पारदर्शी, मर्यादित र विचौलिया रहित बनाई आर्थिक सुशासन कायम गर्न यथासम्भव सबै बोलपत्र अनलाइन प्रणालीबाट निस्काशन गर्ने प्रक्रियालाई निरन्तरता दिईनेछ । योजनाहरुको कामको प्रकृति, गुणस्तरीय निर्माणको सुनीश्चितता, लागत सहभागिता तथा जन श्रमदान समेतलाई मध्यनजर गरी रु. पाँच लाख भन्दा माथीको योजनाहरु क्रमीकरुपमा विधुतीय खरिद मार्फत गरिने व्यवस्था मिलाईनेछ ।

- भौतिक पूर्वाधारहरु निर्माण गर्दा तोकिएको मापदण्ड कायम गर्न कडाइका साथ अनुगमन प्रणालीलाई थप सशक्त बनाइनेछ । साथै अनुगमन प्रणालीलाई मोबाइल एप्लिकेशन (Mobile Application) मार्फत डिजिटाइज गर्ने कामको थालनी गरिनेछ ।
- योजनाहरुको दिगोपनाको लागि दीगो मर्मत सम्भारको नीति अबलम्बन गरि मर्मत संम्भारको लागी मर्मत संम्भार कोष खडागरी संचालनमा ल्याइने छ ।
- योजनाहरु छिटो छरितो,पारदर्शी र गुणस्तरयुक्त बनाउन सहजिकरणका लागि उपभोक्ता समिति सचेतना तथा अभिमूखिकरण कार्यक्रम संचालन गरिने छ ।
- भुकम्प पश्चातको सुरक्षित घर पुर्ननिर्माण गर्न बाँकी रहेका संकटासन्न घरपरिवारको लगत तयार पारी राष्ट्रिय पुनर्निर्माण प्रधिकरण, सहयोगी विकास साझेदारसँग समन्वय र सहकार्य गरी शत प्रतिशत घर निर्माण कार्य सम्पन्न गरिनेछ ।
- पुर्बाधार बिकास शाखा अर्न्तगत रहेका प्राबिधिक कर्मचारीहरुका लागी क्षमता बिकास तालिम तथा आवश्यक ईन्जिनियरीङ औजारहरु खरिदको लागि बजेट व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्र वैकल्पीक उर्जा संम्वन्धी नीती, कानुन, मापदण्ड, योजना, तर्जुमा गरी कार्यान्वयन तथा नियमनकोको लागि पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने सार्वजनिक भौतिक पूर्वाधारहरु महिलामैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री र बालमैत्री सुनिश्चित गरिनेछन् ।
- योजना निर्माण, कार्यन्वयन र अनुगमन तथा मुल्यांकन प्रकृयामा समावेशी नागरिक सहभागिताको प्रवर्धन गरिनेछ ।
- संघ तथा प्रदेश सरकारको समपूरक योजना समयमा बोलपत्र आव्हान गरि प्रभावकारी रुपमा संचालन गर्न आवश्यक व्यवस्थाको लागि संयन्त्र तयार गरी कार्यान्वयन गरिने नीति लिईएको छ ।

## उर्जा तथा जलविद्युत

- बैकल्पिक ऊर्जा, नवीकरणीय ऊर्जा जस्ता ऊर्जाका नवीनतम स्रोतको प्रयोगमा अभिबृद्धि गर्ने गरी कार्यक्रमहरु तर्जुमा गरिनेछ ।
- स्थानीय तादी तथा चन्द्रावती खोलामा निर्माणाधीन जलविद्युत आयोजना शीघ्र सम्पन्न गर्न सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका क्षेत्रको नदीको सदुपयोग गरी जलविद्युत हबको रुपमा विकास गर्न निजी तथा विकास साझेदार संस्थालाई विद्युतमा लगानी प्रोत्साहन गरिनेछ ।

## वातावरण तथा विपद व्यवस्थापन

### वन, वातावरण तथा जलाधार

- वन, जैविक विविधता तथा जलाधारको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन र स्वच्छता कायम राख्न यसको उच्चतम उपयोगका लागि अध्ययन अनुसन्धानमा आधारित आवधिक गुरुयोजना तयार गरिनेछ ।
- हरियो वन नेपालको धन भन्ने नारालाई आत्मा साथ गर्दै खुला, प्रति, सरकारी जमिनमा फलफूल तथा अन्य  वृक्षहरुको वृक्षारोपण कार्य अभियानकै रुपमा सञ्चालन गरिनेछ । स्थानीय स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण गर्ने कार्यक्रम विस्तार गरी समग्रमा वन क्षेत्रको गुणात्मक वृद्धि गरिनेछ ।

वन संरक्षण र जलवायु परिवर्तन विषयमा वडा स्तरिय सचेतना अभिबृद्धि गर्ने कार्यक्रमलाई जोड दिईनेछ ।

- वन विनासप्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइनेछ। साथै सामुदायिक वन व्यवस्थापन नीतिलाई सहयोग पुग्ने खालका कार्यक्रमहरु कार्यान्वयन गरी सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता विकासका कार्यक्रमहरु ल्याइनेछ ।
- वन तथा वन्यजन्तुबाट बालीनालीमा हुने हानी नोक्सानी तथा विनाश कम वा अन्त गर्न आवश्यक रणनीति बनाई कार्यक्रम संचालन गरिनेछ ।
- जलाधारको दिगो संरक्षणका लागि माापदण्ड निर्धारण गरिनेछ र जलाधारको मापदण्ड मिच्ने, मास्ने, विनाश गर्ने र स्रोत दूषित गर्ने ब्यक्ति तथा समूहको पहिचान गरी कानूनी दायरामा ल्याइनेछ ।
- जलवायु परिवर्तनको प्रभावबाट न्युनिकरण गर्नका लागि जलवायु परिवर्तन सम्वन्धी अभिमुखीकरण र प्रभाव न्युनीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- पानीको श्रोत, मुहान, पोखरी, तलाउ, ऐतिहासिक, साँस्कृतिक तथा धार्मिक सम्पदा एवं जैविक विविधताको संरक्षण गर्ने नीति लिइनेछ ।

## विपद् तथा महामारी व्यवस्थापन

- बिपद ब्यवस्थापनलाई गाउँपालिकाको मुख्य जिम्मेवारीको रुपमा लिई स्थापना गरिएको विपद ब्यवस्थापन कोषलाई निरन्तरता दिँदै कोषको रकम बृद्धि गरी स्थानीय विपद् व्यवस्थापन कोष र कोरोना कोषलाई मजबुत बनाउने नीतिलाई निरन्तरता दिईनेछ । विपद् व्यवस्थापनमा प्रभावकारी काम गर्न विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने विकास साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ । सबै वडामा प्राकृति प्रकोप जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- क्षेत्रगत रुपमा विपद् जोखिम न्यूनिकरणका लागि प्राविधिक टोलीद्धारा जोखिम क्षेत्र पहिचान तथा नक्सांकन गरी सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विकास साझेदार निकायहरुसँगको सहकार्यमा विपद न्यूनिकरण तथा विपद् व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- प्राकृतिक प्रकोप तथा जोखीम न्यूनिकरणका लागि भौगोलिक सुचना प्रबिधि (GIS) द्धारा जोखीम नक्सांकन (Hazard Mapping) तयार गरी जोखीम युक्त स्थानहरुको पहिचान गर्ने र सो अनुसार आवश्यक भौतिक पूर्वाधार निमार्ण गरी क्षती न्यूनीकरण गरिनेछ ।
- कोरोना लगायत अन्य महामारीले जनमानसमा पार्ने नकारात्मक धारणालाई हटाउन निजी तथा विकास साझेदार
- संस्थाहरु संगको समन्वयमा विद्यालय तथा सामुदायिक अध्ययन केन्द्र मार्फत मनोपरामर्श सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद्बाट हुनसक्ने क्षतिको तत्काल उद्दार, राहत र पुनर्स्थापनाका लागि आवश्यक जनशक्ति, सामग्री र श्रोतको व्यवस्थापन र परिचालन गरिनेछ । विपद् पुर्व तयारी र व्यवस्थापनका लागि युवाहरुको क्षमता विकास गरिनेछ ।

**सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु,**

**संस्थागत विकास (संगठन तथा क्षमता विकास) र सामान्य सेवा**

- गाउँ कार्यपालिका, वडा कार्यालय तथा अन्य विषयगत कार्यालय मार्फत प्रवाह गर्ने सेवालाई जनमुखी, उत्तरदायी, पारदर्शी, सहयोगात्मक, प्रविधिमैत्री बनाउन प्रशासकीय पुनर्संरचना गरिनेछ ।
- गाँउपालिकाको संस्थागत विकास र निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको नियमित क्षमता अभिवृद्धिको लागि वार्षिक रुपमा संस्थागत र कार्यसम्पादन स्वमुल्याङ्कन सम्पन्न गरी सोको कार्ययोजना अनुसार काम गरिनेछ ।
- संविधानतः प्राप्त अधिकारको प्रयोगका लागि आवश्यक रहेका विषयमा स्थानीय ऐन, नियम, कानून, कार्यविधि, मापदण्ड, निर्देशिकाहरु तयार गरीनेछ । स्वीकृत भएका ऐन कानूनहरु नियमानुसार स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ । बनेका नीति नियमहरुको कार्यान्वयनमा जोड दिइनेछ । स्थानीय राजपत्रहरुको अभिलेख तयार गरी सर्वसाधारणको जानकारीको लागि प्रकाशन तथा वितरण, गाउँपालिकाद्धारा सम्पादित असल अभ्यास तथा महत्वपूर्ण सिकाइको अभिलेखिकरणको प्रबन्ध गरिनेछ साथै गाउँपालिकाको वेभसाइटमा अपलोड तथा अद्यावधिक गर्ने कार्य गरिनेछ
- सेवाप्रवाहलाई चुस्त दुरुस्त र जनपेक्षी बनाई घरदैलोमा पुगी सेवा गर्न र सेवाको गुणस्तर सुनिश्चित गर्न घुम्ती नागरिक सेवा शिविर कार्यक्रम सञ्चालन गरिनेछ । घुम्ती नागरिक सेवा शिविर संचालन गरी वडामा योजना तथा प्रशासन लगायतका एकिकृत सेवा पुर्‍याइनेछ ।
- कर्मचारी प्रशासनलाई समय सापेक्ष सवल र सक्षम बनाउँदै लगिने छ । यसका लागि कार्य सम्पादन संझौता सम्वन्धी कार्यविधी तयार गरी पारीत गरिनेछ। कार्यविधीका आधारमा अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतका विच तथा प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुखहरुका विच कार्य सम्पादन संझौता गरी कार्यान्वयनमा ल्याउने परिपाटीको विकास गरिनेछ। कार्य सम्पादन मुल्याङ्कनको आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाइ पुरस्कृत र सो अनुसार कार्यसम्पादन नगर्ने कर्मचारीलाई कारवाही गर्ने परिपाटीको विकास गरिनेछ । कर्मचारीको व्यक्तित्व विकासका लागि तालिम, अवलोकन भ्रमण, दण्ड र पुरस्कारको व्यवस्था समेत गर्ने निति लिईने छ ।
- कार्यालयमा हेल्पडेक्स, गुनासो सुनुवाइ तथा समस्या सम्वोधन गर्ने कार्यविधि तयार तथा संयन्त्रको विकास गरिनेछ। विभिन्न माध्यमवाट प्राप्त (मौखिक, एस.एम.एस, टेलीफोन तथा उजुरीपेटिका) नागरिक तथा सेवाग्राहीका गुनासो तथा सिकायतहरुको सम्वोधन गरिनेछ । कार्यविधि अनुसार सोको अभिलेख राख्ने र सोको अवस्था सार्वजनिक गरिनेछ ।
- गाँउपालिकाको आवधिक योजना र क्षेत्रगत गुरु योजना तयार भएको सन्दर्भमा उक्त प्रतिवेदनले औल्याएका क्षेत्रहरु लक्षित गरी सार्वजनिक सेवा प्रवाहलाई समयसापेक्ष सुधार गर्दै जाने नीति लिइनेछ।
- भ्रष्टाचार, अनियमिता तथा ढिलासुस्ती प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी संविधान प्रदत्त सूचनाको हक सम्बन्धी कानूनको पूर्ण सम्मान र पालना गर्दै सार्वजनिक पहूँचको अवधारणामा प्रशासन सञ्चालन गरिनेछ ।
- गाउँपालिकाद्धारा सम्पादित कामहरुको वेभसाइट र अनलाइन पद्धतिमार्फत बिल सार्वजनिकीकरण गर्ने प्रणालीको थालनी गरिनेछ ।
- न्यायिक समितिको छुट्टै सचिवालय निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेका बिभिन्न गुठि जग्गाहरुलाई व्यवस्थीत गर्न आवश्यक कानुन तथा संरचना बनाई संरक्षण सम्बर्द्धन र नियमन गर्ने कार्य यसै आ.ब देखि शुचारु गरिनेछ ।

**श्रोत परिचालन तथा व्यवस्थापन**

- "कर डर होइन, दुप्चेश्वर विकासको भर" हो भन्ने तथ्यलाई आत्मसात गर्दै सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई राजस्व प्रशासनको दायराभित्र ल्याइनेछ। कर छली र चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउँदै लगिनेछ । दुप्चेश्वर गाउँपालिकाले आन्तरिक श्रोतको दिगो व्यवस्थापन गर्दै स्रोत परिचालन गर्न आवधिक स्रोत परिचालन रणनितिक योजना मार्फत राजश्व विज्ञ नियुक्ति गरि प्रभावकारी राजश्व परिचालनमा जोड दिईनेछ ।
- प्रचलित कानून अनुसार निर्धारण भएको कर तथा गैर कर राजस्व परिचालन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । बहाल कर र व्यवसाय दर्ता तथा व्यवसाय कर संकलनका लागि वडास्तरीय कार्यक्रमहरु इस आ.ब.मा पनि निरन्तरता दिईनेछ ।
- कर तिर्ने र राजस्व उठाउने प्रणालीलाई अनलाइनका माध्यमबाट सञ्चालन गर्ने र राजस्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि तालिमका साथै प्रविधि सुधार र क्षमता विकासमा यस आ.ब.मा पनि लगानी गरिनेछ ।
- राजस्व सुधार विकास परियोजनालाई आगामी आ.व. देखि कार्यान्वयनमा ल्याइनेछ। समयमा नै राजस्व बुझाउने करदातालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्र निमार्ण गर्दा प्रयोग हुने प्राकृतिक स्रोतहरु जस्तै ढुङ्गा, गिट्टी, बालुवा आदी प्रयोग गर्दा नियम अनुसार लाग्ने राजश्वमा भुक्तानी गर्दा कट्टी गर्ने नीति लिईएकोछ ।

**सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु**

**शान्ति सुरक्षा**

- गाउँपालिका क्षेत्रभित्रको सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन ईलाका प्रहरी कार्यालयसँग समन्वय गरी सुरक्षा गस्ति बढाइनेछ साथै गाउँपालिकाका प्रत्येक वडामा अस्थायी प्रहरी पोष्ट स्थापनाका लागि पहल गरिनेछ ।
- चालु आ.ब.देखी निश्चित संख्यामा गाँउपालिका प्रहरीको पदपूर्ति गरी सुरक्षा संरचनाका व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाभित्रको सार्वजनिक आवगमन सुव्यवस्थित गर्न र विभिन्न चाडपर्व, मेला, महोत्सव, प्र्दशनी इत्यादिको व्यवस्थापन सुरक्षा निकायसँगको समन्वयमा गरिनेछ ।
- सबै प्रकारका लागू औषध तथा दुर्व्यासनी र मादक पदार्थ सेवनलाई निरुत्साहित गरिनेछ ।
- नागरिक सुरक्षाको प्रवर्द्धनका लागि विशेष प्राथमिकताका साथ सुरक्षा निकाय र सरोकारवाला सँग आवश्यक समन्वय गरिनेछ ।

**सूचना प्रविधि**

- सूचना र प्रविधिको माध्यबाट गाउँपालिकामा सेवाग्राहीको गुनासो लिने र सम्बोधन गर्ने परिपार्टीको विकास गरिनेछ ।
- गाउँपालिकाबाट सार्वजनिक गरिनु पर्ने आवश्यक सूचना तथा जानकारी नियमित रुपमा कार्यालयको वेभ साइट तथा आधिकारिक सोसल मिडिया पेजमा उपलब्ध गराइनेछ ।
- सूचनाको हक सम्बन्धी कानून बमोजिम सेवाग्राहीले मागेका विवरणहरु समयमै उपलब्ध गराइनेछ ।
- गाउँपालिकामा एकजना सूचना अधिकारी र प्रत्येक वडामा सम्बन्धित वडा अध्यक्ष मार्फत गाउँपालिकावासीहरुलाई सूचना अधिकारीको हैसियतमा सूचना प्रदान गर्ने कार्य गरिनेछ ।
- विकास निर्माण कार्यमा स्वच्छ प्रतिस्पर्धा गराउन ई विडिङ प्रक्रियालाई निरन्तरता दिइनेछ ।

- गाउँपालिकाले सम्पादन गर्ने गतिविधिहरुको आवधिक रुपमा गतिविधिहरु संचारका विभिन्न माध्यमद्वारा प्रशारण गरिने व्यवस्था मिलाइनेछ ।

**पञ्जिकरण**

- व्यक्तिगत घटना दर्ता प्रणालीलाई कम्प्युटराईज्ड प्रणालीमा आवद्ध गरी बैज्ञानिक अभिलेख पद्धतीलाई निरन्तरता दिँदै वडा कार्यालयबाटै यस्तो सुविधा उपलब्ध गराउने तर्फ आवश्यक पूर्वाधार र जनशक्तिको व्यवस्था गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई ब्यवस्थित गर्न बैंकिङ्ग प्रणालीमा आवद्ध गरिएकोमा यस प्रक्रियालाई निरन्तरता दिइनेछ ।
- जन्म, मृत्यु, बसाइसराई, बिवाह सम्बन्ध विच्छेद लगायत व्यक्तिगत घटना तथा विवरणहरुको दर्ता प्रणालीलाई अनिवार्य रुपमा अनलाइनका माध्यमबाट अभिलेखिकरण गर्नुका साथै त्यस्ता तथ्याङकहरुको विशषलेषण गरी योजना तर्जुमा र कार्यक्रम निर्माणमा उपयोग गरिनेछ ।
- ९० बर्ष वा सो भन्दा बढी उमेरका जेष्ठ नागरिक र रातो कार्ड (क बर्गको) प्राप्त गरेका पूर्ण अपाङ्गता भएका लाभग्राही, अति असक्तता भएको प्रमाणीत भएका लाभग्राहीहरूको हकमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक र गाउँपालिकाको समन्वयमा सेवाग्राहीको घरदैलोसम्म गई सामजिक सुरक्षा भत्ता वितरण व्यवस्था मिलाई बैंक तथा वित्तीय संस्था मार्फत हिसाव मिलान गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता समयमै (३५ दिन भित्रै) सम्बन्धित वडामा दर्ता गर्न गराउन लागि सचेतनामुलक/अभिमुखीकरण तथा अभियान कार्यक्रम संचालन गरिनेछ ।
- **सुशासन प्रवर्द्धन**
- गाउँपालिकाबाट प्रदान हुने सेवाहलाई पारदर्शी जवाफदेही, नियमित, मितव्ययी बनाईनेछ । यसका लागि जवाफदेहीताका विभिन्न औजारहरु सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, खर्च सार्वजनिकीकरण, गुनासो व्यवस्थापन, लैंङ्गिक उत्तरदायी बजेट निर्माण र विश्लेषण जस्ता विधि अपनाईनेछ ।
- आर्थिक, सामाजिक र भौतिक पूर्वाधार क्षेत्रमा भएका महत्वपूर्ण उपलब्धिहरुको लागत, निर्माणकर्ता, निर्माण अवधि र सबैको आयु समेत उल्लेख गरी अभिलेख खडा गरिनेछ । यस्ता विवरण सबैको जानकारीको लागि गाँउपालिकाको वेवसाइटमा समेत राखिनेछ । गाँउपालिकाको वेभसाइट, सोसल मिडियाको संचालन तथा अद्यावधिक सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाका काम कारवाहीलाई पारदर्शि बनाईने छ । गुनासो सुन्ने प्रभावकारी संयन्त्रको व्यवस्था गरी नागरीकलाई सुशासनको अनुभुति गराईनेछ । साथै नियमित रुपमा गुनासो पेटिका खोली प्राप्त गुनासालाई सम्बोधन गरिनेछ ।
- चालु आ.ब. देखी गाउँपालिकाले सेवाग्राही मैत्री शोधपुछ कक्ष, सहायता कक्ष स्थापना गरी सेवालाई प्रभावकारी बनाउने नीति लिईएकोछ ।
- उत्कृष्ट कार्य गर्ने समूहका सदस्य, उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।

***समन्वय र सहकार्य***

- गाउँपालिकाले आवश्यक नीति तयार गरि संघ, प्रदेश र अन्य स्थानीय तह संग सहकार्य र समन्वयका लागि पहल गर्नेछ ।
- गाउँपालिकामा कार्यरत विभिन्न विकास साझेदार संस्थाहरु, समावेशी कृषि समूह, महिला संजाल तथा समूह, सहकारी, युवा क्लव लगायत सबै संस्थाहरु सँग आवश्यक सहकार्य गरी समृद्ध दुप्चेश्वर निर्माणमा उनीहरुको भूमिकालाई उचित स्थान दिइनेछ ।
- गाँउपालिका भित्र कार्यक्रम संचालन गर्न ईच्छुक गैह्र सरकारी संस्थाहरुलाई एकद्धार प्रणालीबाट गाँउपालिकाको स्वीकृति तथा अन्य मापदण्ड पूरा गरेका संघ संस्थालाई मात्र कार्यक्रम संचालनको लागि अनुमति प्रदान गरिनेछ । साथै गाउँ सभामा कार्यक्रम स्वीकृत गराएका विकास साझेदार संस्था संग आवश्यक सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ, गाउँपालिका संग समन्वय नगरी कुनै पनि कार्यक्रम सञ्चालन गर्न नपाई नीति लिईएकोछ ।
- शिक्षा, स्वास्थ्य, प्राकृतिक प्रकोप, महामारी, सामाजिक विकास जस्ता क्षेत्रमा कार्य गर्न इच्छुक सामाजिक संस्थालाई विशेष प्राथमिकता दिने नितिलाई निरन्तरता दिईनेछ । गाउँपालिकाको समग्र आर्थिक, सामाजिक तथा पूर्वाधार विकासका लागि सहकार्य गर्दै कार्यक्रममा सहभागी हुन इच्छुक संघसंस्थाहरुलाई योजना र कार्यक्रमका लागि आवश्यक पर्ने बजेटमा समपूरक कोष मार्फत सहभागी हुन प्रोत्साहन गरिनेछ ।
- विपन्न तथा जोखीममा परेका वर्गका लागि आय आर्जन तथा जीविकोपार्जनसँग सम्बन्धित विभिन्न तालिम तथा पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गर्दा पूर्णिमा लगायत अन्य विकास साझेदार संस्था सँगको समन्वय र सहकार्यमा गरिनेछ ।

**सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु,**

नागरिकको चाहना, सुझाव र सल्लाहका आधारमा गाँउपालिकावासी नागरिकहरुको सेवाप्रवाह र समग्र विकासलाई प्रभावकारी बनाउन हामी कार्यस्थलमा खटिरहेका छौ । विगत ४ वर्षको कार्यकालमा महत्वपूर्ण उपलब्धीहरु हासिल भएका छन । नागरिकहरुको जीवनस्तरमा गुणात्मक परिवर्तन हुँदै आएको महसुस भएको छ । नागरिकको माग र आवश्यकता दिन प्रतिदिन बढ्दो छ, तर स्रोत र साधनको सीमितता छ । कोरोनाको त्रास र दुप्चेश्वरवासीको आस बिच संन्तुलन कायम गर्दै न्यायपूर्ण तवरले स्रोत साधनको वितरण मार्फत सेवाप्रवाह र विकास कार्य गर्न हामी प्रतिवद्ध छौ ।

अन्त्यमा, दुप्चेश्वर गाउँपालिकाको यस गाउँसभामा मैले पेश गरेको नीति तथा कार्यक्रमलाई सफल कार्यान्वयनमा हौसला प्रदान गरिदिन अनुरोध सहित उपस्थित सम्पूर्ण गाँउ सभाका सदस्यहरु, क्रियाशील सम्पूर्ण

राजनीतिक दल, सुरक्षा निकायका प्रतिनिधि, सञ्चार जगतका पत्रकार मित्रहरु तथा आम दुप्चेश्वरवासीमा धन्यवाद सहित आभार व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमको सफलताका लागि आम दुप्चेश्वरवासीहरुबाट सकारात्मक पृष्ठपोषण र मार्गदर्शनको अपेक्षा राखेको छु ।

दुप्चेश्वर महादेवले हामी सबैको कल्याण गरुन्, जय दुप्चेश्वर !

धन्यवाद ।

**योविन्द्र सिंह तामाङ**
अध्यक्ष
दुप्चेश्वर गाउँपालिका, समुन्द्रटार
नुवाकोट
वागमती प्रदेश, नेपाल

मितिः २०७८ साल असार ९ गते